# १६औं योजनामा बालबालिका : नागरिक सरोकार र सुझाव

मिलन धरेल

२०८० असार २५

(कन्सोर्टियम नेपालद्वारा आयोजित परामर्श कार्यक्रमका लागि तयार गरिएको)

# प्रस्तुतीको खाका

- राष्ट्रिय योजनामा बालबालिकाको सरोकारका लागि सान्दर्भिक प्रतिवद्दता
- समृद्द नेपाल : सुखी नेपाली र बालबालिकाका सरोकारहरु
- १६ औं योजनाले समेट्नुपर्ने नविन सरोकार र सम्भावित कार्यक्रम

# सान्दर्भिक प्रतिवद्दताहरु

| दस्तावेज | मुख्य सरोकार र विषय | विद्यमान अवस्था |
|---|---|---|
| राष्ट्रिय कानुनहरु | आधारभुत शिक्षा, आधारभुत स्वास्थ्य, सँगठन स्वतन्त्रता, सहभागिता र नेतृत्व, दिशान्तर तथा सुधार, पारिवारिक दायित्व र संरक्षण, वैकल्पिक हेरचाह, बालश्रमको निषेध, बालअधिकार र बाल संरक्षण प्रणाली, बाल संरक्षण मापदण्ड, बालमैत्री शासन र व्यवहार, सामाजिक सुरक्षा, अनिवार्य उजुरी | बढेको भर्नादर र घट्दो विद्यालय छोड्ने दर, २५ हजारभन्दा बढी बाल क्लबहरु, ८ वटा बालसुधार गृह, ३२५ भन्दा बढी बाल गृह, ३०० भन्दा बढी स्थानीय तहमा बालअधिकार प्रणाली, केही स्थानीय तह बालमैत्री र बालश्रममुक्त, केही सामाजिक सुरक्षाका कार्यक्रमहरु |
| मानवअधिकार कानुन र समिक्षा तथा समापन टिप्पणीहरु | बालश्रम, दिशान्तर, वैकल्पिक हेरचाह, सामाजिक सुरक्षा, सर्वोत्तम हितको प्रयोग, बाल विवाह, बाल बेचबिखन तथा ओसारपसार, बाल अधिकार र बाल संरक्षण प्रणाली, कार्यान्वयन संयन्त्र, बालअधिकार अनुगमन संयन्त्र, अवस्था प्रतिवेदन तथा सार्वजनिक लगानी, बाल न्याय, लैंगिक तथा यौनिक अल्पसंख्यक | घटेको बालश्रम, बाल विवाह, मानवअधिकार आयोगको भुमिका, राष्टिय बालअधिकार परिषद्, प्रदेश बालअधिकार समिति, बाल न्याय समन्वय समिति र नियमावली |
| विश्वव्यापी कार्ययोजना | दिगो विकास लक्ष्य ८.७ मार्गदर्शक राष्ट, बाल विवाह अन्त्य, सबैको लागि शिक्षा, लैंगिक विभेद र हिंसाको अन्त्य, जन्मदर्ता र पहिचान | जन्मदर्ता र पहिचानसँग सम्बन्धित कानुनहरुमा सुधार |

# समृद्द नेपाल : सुखी नेपाली र बालबालिकाका सरोकारहरु

| दिर्घकालिन राष्ट्रिय लक्ष्य | बालबालिकाका सरोकार |
|---|---|
| सर्वसुलभ आधुनिक पुर्वाधार एवम सघन अन्तरआवद्दता (समृद्द नेपाल) | बाल मैत्री, अपाँगता मैत्री र बालिकामैत्री एवं सुरक्षीत भौतिक पुर्वाधार तथा यातायात (विशेष गरी विद्यालय, स्वास्थ्य संस्था, खेल मैदान र प्रशिक्षण केन्द्र, सार्वजनिक तथा विद्यालय यातायात) |
| | असुरक्षीत यात्रामा रहेका बालबालिकाको संरक्षण, उद्दार र पारिवारिक पुनर्मिलन । |
| मानवपुँजी निर्माण तथा सम्भावनाको पुर्ण उपयोग (समृद्द नेपाल) | प्रत्येक वडामा पोषणयुक्त खाना र बालमैत्री सुविधा सहितको नि शुल्क दिवा शिशु स्याहार तथा प्रारम्भिक बाल बिकास केन्द्र ।<br>अपाँगता तथा अटिज्म नि शुल्क पहिचान, उपचार र पुनर्स्थापना सेवाको ब्यबस्था ।<br>१५ बर्ष देखि १८ बर्ष उमेर समुहलाई बाल संरक्षण सुनिश्चिततासहित अनिवार्य सिप तथा प्राविधिक कक्षा, कमाइसहितको इन्टर्नशिप एपेरेन्टाइससिपमा सहभागिता ।<br>बालबालिकामाझ खेलकुद र सृजनात्मक क्षमता र अवसर विकासका लागि लगानी । |
| उच्च र दिगो उत्पादन तथा उत्पादकत्व (समृद्द नेपाल) | माध्यमिक तहमा बचत, मितब्ययीता, लगानी, उद्यमशिलता तथा ब्यबशायिक विषयको अध्ययन ।<br>विद्यालयमा अनिवार्य स्थानीय पोषणयुक्त दिवाखाजाको ब्यबस्था ।<br>पाठ्यपुस्तकको स्वदेशी छपाइ र उत्पादन तथा पुनप्रयोग र विद्यालय पोशाकमा स्वदेशी कपडाको मात्र प्रयोगलाई प्रोत्साहन । |

# समृद्द नेपाल : सुखी नेपाली र बालबालिकाका सरोकारहरु

| दिर्घकालिन राष्ट्रिय लक्ष्य | बालबालिकाका सरोकार |
|---|---|
| उच्च र समतामुलक आय (समृद्द नेपाल) | अनिवार्य बाल बचत तथा स्थानीय तहमार्फत गरिब परिवारका बालबालिकाको लागि शैक्षिक बिमाको ब्यवस्था ।<br>अनौपचारिक श्रम क्षेत्रको सामाजिक सुरक्षामा आवद्दता, नियमित ज्याला निर्धारण र कार्यान्वयन । |
| परिष्कृत तथा मर्यादित जीवन (सुखी नेपाली) | बालिकाप्रतिको विभेदको अन्त्यका लागि प्रोत्साहनमुलक कार्यक्रम<br>विभेदमुक्त विद्यालय, समाज, परिवार र वालपन राष्टिय अभियान<br>बाल गरिबी र पहुँचको विभेदको अन्त्य |
| सुरक्षीत, सभ्य र न्यायपुर्ण समाज | प्रत्येक स्थानीय तहमा वैकल्पिक हेरचाह तथा बाल संरक्षण सेवाको पहुँच<br>बालबालिकाको लागि नि शुल्क कानुनी सहायता<br>बाल हिंसाको अनुसन्धान गर्न सक्षम विशेषज्ञता हाँसिल गरेको न्यायीक प्रणाली -बाल अदालत, अधिवक्ता, अनुसन्धानकर्मी) |

# समृद्ध नेपाल : सुखी नेपाली र बालबालिकाका सरोकारहरु

| दिर्घकालिन राष्ट्रिय लक्ष्य | बालबालिकाका सरोकार |
|---|---|
| स्वस्थ र सन्तुलित पर्यावरण | पर्यावरणीय संकटको बदलामा क्षतीपुर्ती, रोकथाममा लगानी र बाल अभियन्ताहरुको प्रवर्द्धन ।<br>प्रत्येक विद्यालय हरित विद्यालय अभियान तथा सरसफाइ, पानी र मौसमी विपदबाट उचित संरक्षणको ब्यबस्था |
| सुशासन | प्रत्येक स्थानीय तहमा बालअधिकार संयन्त्र र प्रणाली<br>शिक्षा र स्वास्थ्यका अतिरिक्त बालबालिकाको क्षेत्रमा न्युनतम प्रतिशत लगानी<br>बल बजेट कोडको ब्यबस्था र अनुगमन<br>राष्टिय बालअधिकार परिषद्को सबलीकरण तथा मानवअधिकार आयोगमा बाल अधिकार आयुक्तको ब्यबस्था |

# समृद्द नेपाल : सुखी नेपाली र बालबालिकाका सरोकारहरु

| दिर्घकालिन राष्टिय लक्ष्य | बालबालिकाका सरोकार |
|---|---|
| सबल लोकतन्त्र | सबै तहमा बालबालिकाको शासनप्रणालीमा सहभागिता तथा नागरिक संलग्नता<br>सँगठन र अभिव्यक्ति स्वतन्त्रताको प्रवर्द्धन र सबलीकरण<br>बालबालिका प्रतिको राजनितिक दायित्वको सुदृढिकरण<br>लोकतान्त्रिक शैलि, ब्यबहार र संस्कृतिको शिक्षण, सिकाइ तथा अभ्यास |
| राष्टिय एकता सुरक्षा र सम्मान | विविध भाषा, संस्कृती, धर्म र परम्पराको वैज्ञानिक र तथ्यपरक जानकारी<br>समावेशी समाजको संस्कृतिको शिक्षण<br>गौरवमय इतिहाँस, राष्टिय एकता तथा राष्टिय स्वाधिनता र देशभक्तीपुर्ण शिक्षको ब्यबस्था । |

# १६ औं योजनाले समेट्नुपर्ने नविन सरोकारहरु

- सुरक्षीत र उपयोगी डिजिटल सुचना प्रविधि, सञ्जालको प्रयोग र प्रवर्द्धन ।
- मानसिक स्वास्थ्य, नैतिकता र सामाजिक दायित्व र सहभागिताको प्रवर्द्धन ।
- पर्यावरणीय संकट र बालबालिकामा परेको प्रभाव ।
- यौनिक तथा लैंगिक अल्पसंख्यक बालबालिकाको सरोकारहरु ।
- आर्थिक समृद्दी, बढ्दो असमानता र बालबालिकामा पर्ने प्रभाव ।
- शहरीकरण र शहरी गरिक तथा शहरी जोखिमहरुको पहिचान र सम्बोधन ।

धन्यबाद ।